# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) विराटनगर, नेपाल, वैशाख १४ गते, २०८० साल (संख्या २


## भाग १

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

### संवत् २०८० सालको अध्यादेश नं. २

# प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) अध्यादेश, २०८०

प्रस्तावना: प्रदेश निजामती सेवा ऐन, २०७९ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल प्रदेश सभाको अधिवेशन चलिरहेको अवस्था नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस अध्यादेशको नाम "प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) अध्यादेश, २०८०" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. दफा ४ मा संशोधन: प्रदेश निजामती सेवा ऐन, २०७९ (यस पछि "मूल ऐन" भनिएको) को दफा ४ को उपदफा (२) र (३) को सट्टा देहायको उपदफा (२) र (३) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमका सेवा अन्तर्गत रहने समूह तथा उपसमूह तोकिए बमोजिम हुनेछ। यसरी नतोकिएसम्म कर्मचारी समायोजन हुँदाका बखत कायम गरिएका सेवा, समूह, उपसमूह कायम रहनेछन्।

(३) उपदफा (२) बमोजिम रहने समूह तथा उपसमूहको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता तोकिए



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

बमोजिम हुनेछ। यसरी नतोकिएसम्म कर्मचारी समायोजन हुँदाका बखत कायम गरिएका पदहरुमध्ये रिक्त पदहरुमा पदपूर्तिका लागि हुने विज्ञापनमा उम्मेदवार हुन सम्बन्धित सेवा, समूह, उपसमूहका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता प्रदेश लोक सेवा आयोगको निर्णयानुसार हुनेछ।"

३. **<u>दफा ८ मा संशोधन:</u>** मूल ऐनको दफा ८ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

| तह | | खुला प्रतियोगिताद्वारा | अन्तर स्थानीय तह प्रतियोगिताद्वारा | बढुवाद्वारा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा | कार्यक्षमताको मूल्याङ्कनद्वारा | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा | |
| (घ) | सातौं | ६०% | १०% | - | १५% | १५% | |

४. **<u>दफा १० मा संशोधन:</u>** (१) मूल ऐनको दफा १० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रदेश निजामती सेवालाई समावेशी बनाउन दफा ८ को उपदफा (१) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पद मध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

(क) महिला - तेत्तीस प्रतिशत
(ख) आदिवासी/जनजाती - पैंतीस प्रतिशत
(ग) मधेशी - पाँच प्रतिशत
(घ) दलित - छ प्रतिशत
(ङ) आर्थिक रुपले विपन्न खस आर्य - छ प्रतिशत
(च) थारु - छ प्रतिशत
(छ) मुस्लिम - पाँच प्रतिशत



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ज) अपाङ्ग - चार प्रतिशत

**स्पष्टीकरणः** यस उपदफाको खण्ड (ङ) को प्रयोजनको लागि "आर्थिक रुपले विपन्न खस आर्य" समूहका लागि छुट्याईएको पदमा सहभागी हुनसक्ने उम्मेदवारहरुको सम्बन्धमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरिनेछ। यसरी सूचना प्रकाशन नभएसम्म सो समूहका लागि छुट्याईएको पद खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।"

५. **दफा २७ मा संशोधनः** (१) मूल ऐनको दफा २७ मा रहेको प्रावधानको सट्टा देहाय बमोजिमको प्रावधान राखिएको छः-

"यस ऐनको प्रयोजनको लागि प्रदेशको भौगोलिक क्षेत्रको वर्गीकरण तोकिए बमोजिम हुनेछ। यसरी नतोकिएसम्म सङ्घीय कानून बमोजिम हुनेछ।"

६. **दफा ४२ मा संशोधनः** मूल ऐनको दफा ४२ को उपदफा (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएको छः-

"(क) अधिकृतस्तर सातौं र सो भन्दा माथिल्लो तहको पदको लागि

| | | |
|---|---|---|
| (१) | प्रदेश लोक सेवा आयोगको अध्यक्ष | - अध्यक्ष |
| (२) | प्रमुख सचिव | - सदस्य |
| (३) | प्रदेश लोक सेवा आयोगका अध्यक्षले तोकेको आयोगको सदस्य | - सदस्य |
| (४) | प्रदेश लोक सेवा आयोगका अध्यक्षले मनोनीत गरेको सम्बन्धित विषयको विशेषज्ञ | - सदस्य |
| (५) | मन्त्रालयको कर्मचारी बढुवा विषय हेर्ने सचिव | - सदस्य सचिव |



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) अधिकृतस्तर छैटौं र सो भन्दा मुनिका तहका पदको लागि

| | | |
|---|---|---|
| (१) | प्रदेश लोक सेवा आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य | - अध्यक्ष |
| (२) | प्रदेश लोक सेवा आयोगका सचिव | - सदस्य |
| (३) | समितिको अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विशेषज्ञ | - सदस्य |
| (४) | प्रमुख सचिवले तोकेको सचिव | - सदस्य |
| (५) | मन्त्रालयको कर्मचारी बढुवा विषय हेर्ने सचिव | - सदस्य सचिव” |

प्रमाणीकरण मिति : २०८०।१।१४

आज्ञाले,
उमेश वस्नेत
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**

आ. मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश